# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ७३**
**(मिति: २०७९/०२/१६)**

विषय:-

१. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल सम्बन्धमा।
२. विविध।

छलफल तथा निर्णय:-

समितिको आजको बैठकमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल एवं विविध विषयका सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय प्रेम बहादुर आले, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री माननीय गोविन्द प्रसाद शर्मा (कोइराला), संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री महेश्वर न्यौपाने, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक श्री प्रदीप अधिकारी लगायतसँग छलफल भयो। छलफलमा सहभागी माननीय सदस्यहरुले यस विमानस्थल राष्ट्रिय गौरवको आयोजना भएको, राष्ट्र हितका लागि अत्यावश्यक रहेको, यस विमानस्थल निर्माणका लागि राज्यले ठूलो लगानी गरिसकेको लगायतका धारणाहरु राख्दै कानुनी एवं प्रशासनिक कुराहरु मिलाएर भए पनि यस आयोजनालाई अगाडि बढाउनुपर्ने भन्ने धारणा राख्नुभयो। छलफल पश्चात् समिति बैठकबाट देहाय बमोजिमका निर्णयहरु भए:

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल सम्बन्धमा:

नेपालको राष्ट्रिय हित अनुकूल अर्थतन्त्रलाई सुदृढ तुल्याउने उद्देश्यका साथ लामो समयको अध्ययन तथा धेरै ठूलो लगानीका साथ अगाडि बढाइएको राष्ट्रिय गौरवको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाको कार्य रोक्नुपर्ने भन्ने निर्णय कुनै पनि दृष्टिबाट उचित देखिन्न। बाह्य र आन्तरिक ऋणको बोझ बोक्दै कठिन अवस्थामा रहेको नेपालको अर्थतन्त्रलाई निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण प्रयोजनको लागि भइसकेको अर्बौं रुपैंयाको खर्चलाई निरर्थक तुल्याउँदा झनै धक्का लाग्नसक्छ। अत: राष्ट्रिय हित, सुरक्षा र आर्थिक विकासका दृष्टिबाट अत्यावश्यक निर्माणाधिन निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यलाई शीघ्र अघि बढाउन आवश्यक कानुनी, प्रशासनिक र व्यवहारिक कार्य गर्न नेपाल सरकारलाई निर्देशन दिने।

विविध सम्बन्धमा:

बैठकले मिति २०७९ जेठ १५ गते पोखराबाट जोमसोमतर्फ उडेको तारा एयर प्रा. लि. को ट्विन अटर विमान उडेको केही समयपछि सम्पर्कविहीन रहेकोमा मिति २०७९ जेठ १६ गते बिहान मुस्ताङ जिल्लाको थासाङ गाउँपालिका वडा नं. २ को सानुसरे भन्ने ठाउँमा दुर्घटनाग्रस्त अवस्थामा भेटिएकोले उक्त दुर्घटनामा परी असामयिक निधन हुनुभएका सम्पूर्णमा श्रद्धाञ्जली व्यक्त गर्दै देहाय बमोजिमको शोक प्रस्ताव पारित गरी दिवंगत सम्पूर्णप्रति श्रद्धा अर्पण गर्न १ मिनेट मौन धारण गर्‍यो।

"समितिको यो बैठक मिति २०७९ जेठ १५ गते ( २९ मे २०२२) आइतबारका दिन कास्की जिल्लाको पोखराबाट मुस्ताङ जिल्लाको जोमसोमतर्फ १९ जना यात्रु र ३ जना चालक दलका सदस्यसहित कूल २२ जना यात्रुहरु बोकेर उडेको तारा एयर प्रा. लि. को ट्विन अटर 9N-AET विमान उडेको केही समयमै सम्पर्कविहीन भई हराइरहेकोमा मिति २०७९ जेठ १६ गते बिहान मुस्ताङ जिल्लाको थासाङ गाउँपालिका वडा नं. २ को सानुसरे भन्ने ठाउँमा १४,५०० फिटको उचाइमा दुर्घटनाग्रस्त अवस्थामा भेटिएकोले उक्त दुर्घटनाप्रति दु:ख प्रकट गर्दै दुर्घटनामा परी निधन हुनुभएका सम्पूर्णमा भावपूर्ण श्रद्धाञ्जली अर्पण एवं शोकाकूल परिवारजन सबैमा गहिरो समवेदना व्यक्त गर्दछ।"

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो।